आज मिति २०७५ साल असोज १० गते बुधबारको दिन तीनपाटन गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपशिलका प्रस्ताबहरु माथि छलफल गरि निर्णय गरियो ।

## उपस्थिति

१. श्री कर्ण बहादुर मगर - गाउँपालिका अध्याक्ष

२. श्री पदम माया तामाङ - उपाध्याक्ष, कार्यपालिका सदस्य

३. श्री गोबिन्द बहादुर राउत - कार्यपालिका सदस्य

४. श्री हेम बहादुर श्रेष्ठ - कार्यपालिका सदस्य

५. श्री लाल बहादुर स्याङतान - कार्यपालिका सदस्य

६ श्री खड्ग बहादुर भुजेल - कार्यपालिका सदस्य

७. श्री दिनेश कुमार रमौली - कार्यपालिका सदस्य

८. श्री बीर बहादुर पुलामी - कार्यपालिका सदस्य

९. श्री कोमल बहादुर खपाँङ्गी - कार्यपालिका सदस्य

१०. श्री रेखराज अधिकारी - कार्यपालिका सदस्य

११. श्री शेर बहादुर मगर - कार्यपालिका सदस्य

१२. श्री पुण्यहरी भुजेल - कार्यपालिका सदस्य

१३. श्री हितलाल श्रेष्ठ - कार्यपालिका सदस्य

१४. श्री जगदिश्वर तोलांगी - कार्यपालिका सदस्य

१५. श्री गीतामाया थापा मगर - कार्यपालिका सदस्य

१६. श्री भगवती कुमरी श्रेष्ठ - कार्यपालिका सदस्य

१७. श्री देबमाया श्रेष्ठ - कार्यपालिका सदस्य

१८. श्री दुध कुमारी ठकुरी - कार्यपालिका सदस्य

१९. श्री टेक बहादुर परियार - कार्यपालिका सदस्य

२०. श्री राजन थापा - सचिब

२१. श्री हरि बहादुर खपाङ्गी मगर - लेखा अधिकृत

२३. श्री गोपाल प्रसाद पहाडी - ना.सु.

२४. श्री झिल्ली बहादुर खड्का - ना.सु.

२५. लिला रमौली - खरिदार

२६. श्री तारानाथ अधिकारी - का.स.

प्रस्तावहरू:

१)वालविकास र विद्यालय कर्मचारी भर्ना प्रकिया सम्बन्धमा ।

२) सामुदायिक सिकाई केन्द्रको साविक निर्देशिका सम्बन्धमा ।

३) भेटनरी तथा कृषि फ़र्म दर्ता कार्यविधि सम्बन्धमा ।

४)विपद् व्यवस्थापन समिति गठन सम्बन्धमा ।

५)गाउंपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीहरूको तलंबी प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

६)

७)

८)

निर्णयहरू:

प्रस्ताव नं. १ माथि छलफल गर्दा, वालविकास र विद्यालय कर्मचारी भर्नाका सम्बन्धमा तत्काल द्विविधा भएकोले साविकमा जुन कानूनलाई आधार मानी भर्ना गर्दै आंईएको थियो । अर्को व्यवस्था नभएसम्मका लागि सम्बन्धित शाखालाई सोही बमोजिम भर्ना गर्न स्वीकृत दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा,सामूदायिक सिकाई केन्द्रको लागि व्यवस्थित र निर्देशित गर्दै आएको निर्देशिकालाई तत्काल निरन्तरता दिंदै गाउंपालिकाबाट अर्को निर्देशिका जारी नभएसम्म सोही निर्देशिकालाई आधार कानूनको रूपमा लिई संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा, भेटनरी तथा कृषि फर्म दर्ता कार्यविधि निर्माण प्रयोजनार्थ यस गाउंपालिका भित्र संचालन हुने भेटनरी तथा कृषि फर्म दर्ता कार्यविधिका लागि देहायका भेटनरी तथा कृषि फर्ममा पशु तथा कृषि कार्य गरेको हुनुपर्ने निर्णय गरियो । भेटनरी तथा कृषि फर्म दर्तातथा नवीकरणका कार्यका रू.५०० (पांच सय रूपैयां मात्र), कृषि समूह गठनका लागि न्यूनतम १५ जना सदस्य हुनुपर्ने र कृषि समूह दर्ता तथा नवीकरणका लागि रू. २०० कायम गर्ने निर्णय गरियो ।

क) दुहुना गाई (माउ गाई)– न्यूनतम ५ उन्नत जातको

ख) दुहुना भैसीं: न्यूनतम ५ वटा माउ

ग) बाखाको हकमा: माउ तथा वयस्क बोका, खसी र बाख्रा गरी न्यूनतम ३० वटा

घ) बंगुर: न्यूनतम २० वटा (माउ तथा पाठपाठी समेत)

ङ) कुखुरा:

स्थानीय जातको: २०० (माउ तथा चल्लाचल्ली समेत)

लेयर्स: ५०० भन्दा माथि

ब्रोइलर: १००० भन्दा माथि

च) माछा: न्यूनतम २ कठ्ठा

छ) तरकारी: न्युनतम ५ कठ्ठा

प्रस्ताव नं. ४ माथि छलफल गर्दा, स्थानीय विपद् तथा जलवायू उत्थानशील समितिको संरचना गठनको लागि यस तीनपाटन गाउंपालिकाबाट विपद् व्यवस्थापना कार्यविधि नबनेसम्मका लागि देहायको समिति मार्फत् विपद् व्यवस्थापनको कार्य गर्ने निर्णय गरियो ।

१) गाउंपालिकाको अध्यक्ष: अध्यक्ष

२) गाउंपालिकाको उपाध्यक्ष: उपाध्यक्ष

३) प्रमुख प्रशासकीय अधिकृत: सदस्य

४) वडाध्यक्षहरू सबै: सदस्य

५) गाउंपालिकाको विषयगत शाखाका प्रमुखहरू: सदस्य

६) तीनपाटन गाउंपालिकामा रहेका सुरक्षा निकायका प्रमुखहरू: सदस्य

७) नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रमुखहरू: सदस्य

८) गाउं कार्यपालिकाले मनोनत गरेको स्थानीय गरैसरकारी संस्थाको तर्फबाट १ ~~जना: सदस्य~~ एक महिला सहित तीनजना सदस्य ।

९) स्थानीय स्तरमा उपलब्ध विपद् व्यवस्थापनसंम्बन्धी विज्ञमध्ये गाउंपालिकाले मनोनयन गरेका २ जना: सदस्य

१०) स्थानीय उद्योग वाणिज्य संघको प्रमुख तथा प्रतिनिधि १ जना: सदस्य

११) गाउंपालिकाको विपद् व्यवस्थापन शाखाको प्रमुख: सदस्य

प्रस्ताव नं. ५ माथि छलफल गर्दा, यस गाउंपालिकामा कार्यरत साविक स्थानीय निकायका स्थायी ४ जना प्राविधिक सहायक (सहायकस्तर चतुर्थ), १ जना कार्यालय सहायक (सहायकस्तर चतुर्थ) र ५ जना कार्यालय सहयोगी ( श्रेणी विहिन) कर्मचारीहरूको तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।